## आ.व. २०७७/७८ को तेस्रो बैठक

आज मिति २०७७ साल आश्विन ९ गते दिउसो ३:०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्ती गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, राप्ती गाउँ कार्यपालिका ।

### आमन्त्रित

श्री धन प्रसाद शर्मा ,लेखा अधिकृत
श्री विश्वास वि.क., शाखा अधिकृत
श्री नारायण राउत , स्वास्थ्य शाखा संयोजक
श्री विकास ज्ञवाली, अधिकृत
श्री अशोक बेल्वासे, ईन्जिनिय
श्री सुवास भट्टराई , कम्प्युटर अपरेटर
श्री तिर्थराज ज्ञवाली लघु (संयोजक)
श्री शिवलाल सुवेदी प्रा.सि

**मिति २०७७ आश्विन ९ गते का दिन राप्ती गाउँपालिकाका अध्यक्ष श्री तुमानन्द सुवेदीज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको तेस्रो बैठकका निर्णयहरु :**

**निर्णय नं १**

राप्ती गाउँपालिका अन्तरगत विभिन्न नदि तथा घाटहरु र भुल्के खोलासमेतबाट ढुंगा, गिट्टी, बालुवा तथा अन्य नदिजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन गर्नको लागि प्राविधिक समितिले सुझावसहित पेश गरेको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) लाई स्वीकृत गर्ने । सो प्रतिवेदनको कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रपति चुरे संरक्षण समिति अन्तरगतका निकायहरुबाट सहमति लिनुपर्ने भएमा सो लिएर मात्र कार्यान्वयन गर्ने ।

**निर्णय नं २**

नागरिक आरोग्य सेवा केन्द्र लालमटिया स्थित कालिका सामुदिक भवनमा स्थापना गर्ने र त्यसको व्यवस्थापनको लागि साझेदारी गर्ने ।

**निर्णय नं ३**

मिति २०७५ सालदेखि २०७७ आषाढ मसान्तसम्म निर्माण सम्पन्न भएका घरहरुलाई गाउँ कार्यपालिकाको मिति २०७७ श्रावन २५ को निर्णयानुसार जरिवाना लिई अभिलेख कार्य गर्ने । घरनक्सा पास कार्यान्वयनका लागि खानेपानी उपभोक्ता समिति र विद्युत जडान गर्ने निकायसँग समन्वय गरी निर्माण व्यवसायी अभिमुखिकरण गर्ने ।

**निर्णय नं ४**

प्रहरीचौकी सिसहनियाबाट अनुरोध भए बमोजिम संवेदनशील देखिएको क्षेत्रमा CCTV क्यामेरा जठान गर्न सहयोग गर्ने सो कार्यमा बजेट अभाव भएमा प्रहरी चौकी कम्पाउन्डवाल निर्माण शीर्षकबाट रकमान्तर गरी स्रोतको सुनिश्चितता गर्ने । राप्ती गाउँपालिका वडा नं. ३ मसुरियामा स्थापना गर्न लागिएको प्रहरी चौकीलाई व्यवस्थापन सहयोग गर्न रु ३५,०००/- सहयोग गर्ने ।

**निर्णय नं ५**

राप्ती गाउँपालिका वडा नं ८ र ४ मा पर्ने दोलाई खोला क्षेत्रमा तटबन्धन निर्माणको स्रोतान्तर लागि डिभिजन सिंचाई कार्यालय दाङलाई अनुरोध गर्ने ।

**निर्णय नं ६**

राप्ती गाउँपालिका वडा नं १ शान्तिपुर चेतैमा निर्माणाधिन अन्तर्दृष्टि प्रतिक्षालयलाई रु. २५०००। निर्माण सहयोग रकम उपलब्ध गराउने ।

**निर्णय नं ७**

राप्ती गाउँपालिका वडा नं ५ कञ्चुगे क्षेत्रमा भारी वर्षातको कारण ४ वटा घर तथा जनता आधारभुत विद्यालयसमेत जोखिममा रहेकोले विपद व्यवस्थापन सहयोगका लागि एक जना प्राविधिक समेतको टोलिले स्थलगत अनुगमन गरी तत्काल पुनःस्थापना र मर्मत लगायतका कार्य गर्ने गराउने ।

**निर्णय नं ८**

कोभिड -१९ संक्रमणबाट बच्न र रोकथामका लागि स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरु मिति २०७७ असोज ११ गतेदेखि सञ्चालनमा ल्याउने । स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरे नगरेको सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन जनप्रतिनिधि, स्वास्थ्य क्षेत्र लगायतको सहभागितामा अनुगमन गर्ने ।

**निर्णय नं. ९**

राप्ती गाउँपालिका अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १ देखि ९ वटै वडाहरुबाट संकलन, आवश्यक छानविन र सिफारिस भई आएका बेरोजगारहरुको निवेदनलाई छानविन गर्दा रित पुगेका १२०७ निवेदनलाई अनुमोदन गर्ने ।